# मेरो जीवनमा परमेश्वरको हात

## जिन रसेलको जीवन गवाही

म र मेरी दिदीको जन्म एरीजोनाको भूगर्भविद्हरू बस्ने एउटा सानो शहरमा भएको थियो। म सन् १९४१ को नोभेम्बर महिनामा जन्मिएको हुँ। मेरा अभिभावकहरू बप्तिस मण्डलीमा जाने गर्नुहुन्थ्यो र मलाई अहिले याद भएसम्म, बाल्यकालदेखि नै मैले परमेश्वरको बारेमा बुझ्ने र ज्ञान लिने गर्थें। म करीब ३ वर्षभन्दा अलि ठूलो भइसकेको थिएँ, एक दिनको कुरा हो त्यतिबेला म कारको पछिल्लो सिटमा बसेर यात्रा गरिरहेको थिएँ। अचानक बाटोमा मैले एउटा पास्टरलाई देखें अनि चिच्याउँदै आमालाई भने कि उता हेर्नुहोस् “उहाँ येशू हुनुहुन्छ; येशू”। किनकि उहाँहरूले आइतबारको बाल-कार्यक्रममा येशू ख्रीष्टको बारेमा सिकाउनुहुन्थ्यो। अनि मेरो ३ वर्षीय बालक मस्तिष्कमा ती पास्टरहरू ईश्वरीय मानिस हुन् भन्ने चेतना थियो र उहाँहरूमा

परमेश्वरका आत्मा हुनुहुन्छ भन्ने हेक्का पनि थियो। यदि मेरा पनि नानीहरू भएको भए मैलेजस्तै तिनीहरूले पनि गर्थे किनकि त्यो अत्यन्तै चाखलाग्दो कुरा हो। किनकि स-साना नानीहरूले बाल्यकालको उमेरमा परमेश्वरको आत्मालाई चिन्ने उहाँको स्वभावप्रति निकै चाख लिन्छन् जस्तो मलाई लाग्छ। किनभने येशूमा हाम्रो उदाहरणीय जीवनको प्रस्तुतिको महत्त्व निकै हुन्छ, ताकि नानीहरूले हाम्रो आफ्नो स्वभावको; खराब आचरणको बदलामा हामीमा येशूलाई देख्न सक्छन्।

मेरी दिदी जन्मेको ठीक एकवर्षअगाडि अर्थात् म जन्मनुभन्दा केही वर्षअगाडि मेरी आमा १८ वर्षकी हुँदा उहाँले प्रभुमा जन्मने अवसर पाउनुभयो। मेरो बुबा मण्डलीमा जानुहुन्थ्यो तर उहाँले कहिल्यै पनि येशूलाई अङ्गाल्नुभएन। उहाँको बाल्यकाल एकदमै कष्टकर थियो। मेरो हजुरबुबा, हजुरआमालाई पिट्ने, जुवा तास खेल्ने, पियक्कड र हत्यारा हुनुहुन्थ्यो। मण्डलीले गर्ने सेवालाई मेरो बुबाले मन पराउनुहुन्थ्यो तर के गर्ने, परिवारमा कसैले दुष्टतालाई भित्र्याउन खोज्छ भने परिवारमा

त्यो सधैं आउँछ। यसर्थ मलाई थाहा छ मेरो बुबामा पनि हजुरबुबाको शैतानिक श्रापको छाप परेको थियो। मेरो बुबाको मृत्युपश्चात् एउटा पास्टरले मलाई भने अनुरूप उहाँको मृत्युशैय्यामा येशू ख्रीष्टलाई पश्चात्तापसहित उहाँले ग्रहण गर्नुभएको थियो रे। किनकि मैले त उहाँलाई विगत १२ वर्ष यता भेटेको थिएनँ। यदि यो सत्य हो भने निश्चय हामी स्वर्गमा भेट्नेछौं। उहाँ प्रभुमा फर्कनलाई त्यो मात्र एउटा विकल्प थियो, किनभने प्रायः म १२ वर्षको हुँदा उहाँले परमेश्वरलाई त्याग्नुभएको रहेछ। मेरो बुबाले परमेश्वरलाई त्यागेपछि मैले डरलाग्दा कठिन घडीहरूको सामना गर्नुपऱ्यो, जसको फलस्वरूप परमेश्वरको खोजीमा अन्य बाटोबाट हिँड्न म बाध्य भएँ। हुन त सन् १९५३ मा अर्थात् १२ वर्षको हुँदा म प्रभुमा जन्मिएको थिएँ।

शारीरिक तीब्र लालसाहरूले नै मेरो बुबालाई परमेश्वरबाट अलग गराएका थिए। उहाँले इच्छा गरेका सबै कुरा उहाँका अगाडि हुनैपर्थ्यो, त्यसैले उहाँले एउटा घर किन्नुभयो। किनकि उहाँ असल पारिवारिक जीवनको इच्छा गर्नुहुन्थ्यो। हामी एउटा

सभ्य समाजमा बस्दै आएका थियौं। हाम्रो छिमेकमा कुनै स्कूलकी एउटी शिक्षिका बसाइँ सरेर आइन्, जो हेर्दा मेरी आमाभन्दा अलिक सुन्दर र जवान पनि थिइन्। ती शिक्षिकाको कारण मेरो बुबा शारीरिक तीब्र अभिलासाको सिकार हुनुभयो र परमेश्वरबाट संसारतिर फर्किनुभयो। वास्तवमा त्यो सानो शहरमा पनि सन् १९५० भन्दा पहिल्यै प्रभावकारी आत्मिक जागृति आइसकेको थियो। किनकि एकदमै घोर अपराधीहरू पनि मण्डलीमा गएर रोई-कराई आफ्नो पापको पश्चात्ताप गरेको कुरा मलाई आज पनि याद आइरहन्छ। मानिसहरूको जीवनमा नाटकीय परिवर्तन आएको थियो, तर मेरो बुबासँग सङ्गतिको बेञ्चमा बसेर उहाँको ईश्वरप्रतिको प्रतिरोधको अनुभवको पनि मलाई सम्झना छ। यो एउटा शत्रुले बातचित गरेको र उहाँले केवल सुनिरहेको कुरा जस्तै हो। ती आत्मिक जागृतिका सभाहरूमा म पनि आठ वर्षको उमेरदेखि नै पूर्ण समर्थनका साथ प्रशस्त मात्रामा भाग लिँदै आएको थिएँ। विशेष गरी म दश वर्षको उमेरदेखि नै परमेश्वरको खोजीमा निकै उत्सुक भएर लागेको थिएँ  र अन्तत १२ वर्षको

हुँदा मैले परमेश्वरलाई आफ्नो सम्पूर्ण हृदय दिएँ। यदि त्यतिबेलै म मरेको भए निश्चय नै नरक जाने थिएँ किनकि मैले येशू ख्रीष्टलाई ग्रहण गरेको थिइनँ। म एउटा पापी हुँ र त्यसको लेखा बुझाउनुपर्छ भन्ने ज्ञान मलाई थियो।

मैले सानै उमेरदेखि राम्रोसँग सुनेको र बुझेको सुसमाचारको जवाफदेही म हुनुपर्छ भनी मैले जानेको पनि थिएँ, तर मेरो जवानी अवस्थामा मैले कहिल्यै पनि स्थिर विश्वासको जीवन जिउन सकिनँ। विगतलाई नियाल्दा किन त्यस्तो भएको होला अर्थात् इमानदारीपूर्वक भन्नुपर्दा किन परमेश्वरले मलाई नपत्याउनु वा दया नदेखाउनुभएको होला ? त्यसैको एउटा भाग स्वरूप म के विश्वास गर्छु भने परमेश्वरले तिनीहरूलाई नै बढी दया देखाउनुहुन्छ, जसले धेरै कुराहरूबाट छुट्कारा पाउनुपर्छ। हाम्रो परिवारमा शैतानिक अत्याचार उग्र-रूपमा बढेको थियो किनकि बालक छँदै म घातक दुस्वप्नबाट पीडित थिएँ। त्यो शैतान हो भनेर मलाई थाहा थिएन, तर त्यस शैतानिक सतावटका कारण मलाई सीधा हिँड्डुल गर्न निकै कठिन पर्थ्यो। शैतानले मानिससँग गर्ने डरलाग्दो र

जाइलाग्ने युद्धको बारेमा पनि म बुझ्नै सक्तिनँ थिएँ। परिवारको कुनै एक सदस्य अझै विशेषतः घरको मुख्य मानिस जो शिर हो, त्यसले शैतानको खातिर ढोका खोल्छ भने उसले आफ्नो परिवारमाथि शैतानिक बर्वर दमन निम्त्याउने रहेछ। मेरो बुबाले छिमेकी स्त्रीसँग व्यभिचार गर्नुभयो र निकै चोथाले बन्नुभयो, अनि मेरो आमालाई घरबाट निकालीदिनुभयो। त्यतिमात्रै कहाँ हो र पटक-पटक गरेर विभिन्न अवसरहरूमा उहाँले आमालाई मार्न पनि खोज्नुभयो। त्यसैकारण हामी सबै भागेर क्यालिफोर्निया गयौं। त्यस दुःखद कुराले मेरी आमा र दिदीको जीवन बर्वादीतर्फ दगुऱ्यो। अनि त्यसपछि उहाँहरू कहिल्यै पनि कुनै पनि मण्डलीको सदस्य बन्नुभएन।

त्यस्ता धेरै दुःखदायी कुराहरूमध्ये एउटा हृदय विदारक कुराचाहिँ मैले मेरी आमा र दिदीलाई परमेश्वरबाट बिरानो भएको देख्नु हो। पछि गएर मेरी आमाले एउटा अईसाईसँग विवाह गर्नुभयो। हुनत उहाँ मेरी आमालाई धेरै दया गर्ने र असल हुनुहुन्थ्यो यद्यपि उहाँ एक अईसाई नै हुनुहुन्थ्यो। जवानी अवस्थामा मेरी आमाले परमेश्वरलाई धेरै

माया गर्नुहुन्थ्यो, तर दुःखको कुरा; पछि उहाँ मण्डलीको सङ्गतिमा फर्केर कहिल्यै आउनुभएन।

जब हामी सपरिवार एकसाथ थियौं, तब मेरी आमाले मण्डलीमा राम्रो सेवा पुऱ्याउनुभएको थियो र हामी यतिसम्म निश्चित थियौं कि कुनै पनि आइतवारको आराधना सेवालाई कहिल्यै छोडेका थिएनौं। चालीस वर्षसम्म अनवरत–रूपमा मण्डलीको ढोकालाई अँध्यारो हुन नदिने मेरी आमाको विश्वास पनि पतन भएको हुँदा मलाई व्यक्त गर्नै नसक्ने दुःखदायी पीडा भएको छ। तपाईंले परमेश्वरलाई चिन्नुभएको छ र स-परिवार मिलेर सङ्गति गर्नुहुन्छ, तर कोही हृदयमा परमेश्वरप्रति कठोर भएकाहरूलाई, परमेश्वरको बारेमा बताउन र उहाँको आज्ञा पालन गनुपर्ने कुरा भन्यौ भने तिनीहरूले तपाईंलाई सराप्नेछन् किनभने त्यो अति नै कठिन कुरा हो।

२२ वर्षकी पुग्दा नपुग्दै मेरी दिदीले तीन-तीन पटक विवाह र पारपाचुके गरेकी थिइन्। प्रत्येक विवाहमा उनी गर्भवती हुन्थिन्। धेरै गर्भपात भए तर एउटा बच्चा मात्र बाँच्यो। मेरी आमाप्रति बुबाले गरेको पाशविक व्यवहारको उनी साक्षी

थिइन्, किनभने प्रेमको मतलब के हो भन्ने विषयमा उनको हृदयमा घृणा र मैला कुराले भरिएको थियो। किनकि मेरा बुबाप्रति मेरी दिदीको हृदयमा केवल घृणा र रीस थियो। किनभने एकदिन उनी स्कूलबाट घर आइपुग्दा आमाले बुबासँग जीवनदान मागिरहेको कारुणीक दृश्य उनले देखेकी थिइन्। किनकि बुबाले छर्रा बन्दुक समातेर आमाको मुहारपट्टि तेर्साएर मारिदिन्छु भनेर धम्क्याइरहनुभएको थियो। यस घटनाले मेरी दिदीलाई असाध्यै हतोत्साही तुल्यायो र पिरोल्यो पनि। अनि तिनले मानिसलाई एकातिर घृण गर्थिन् त अर्कोतर्फ प्रेमको निकै रहर पनि उनले गर्थिन्। मैले परमेश्वरलाई ग्रहण गरेको दिनमै उनले पनि त्यसै दिन परमेश्वरलाई आफ्नो हृदय दिएको कुरा मसँग गर्थिन् यद्यपि त्यो त्यति तथ्यपरक र ठोस समर्पणता भने थिएन।

जीवनमा १० पटकसम्म विवाह गर्ने त मेरो बुबा हुनुहुन्थ्यो। मेरी दिदीले पनि कतिपटकसम्म विवाह गरिन् मलाई खासै थाहा छैन। उनले छ पटकसम्म विवाह गरेको मलाई अलि-अलि थाहा छ। वास्तविक प्रेम के हो भनेर नजानिकनै विवाह

गरेको कुराको यो एउटा ज्वलन्त उदाहरण पनि हो। हाम्रो बुबा मरिसक्नुभयो भन्ने समाचार पुऱ्याउन जब मैले दिदीलाई फोन गरेँ, तब बुबालाई उनले तीक्ष्ण-रूपमा सरापिन् र मलाई पनि निकै गाली गर्दै हप्काइन्। वास्तवमा मेरी दिदी निकै वरदानयुक्त थिइन्, किनभने उनले चाहेकी भए उनी एक असल वैज्ञानिक, गणितीय व्यक्ति अथवा डाक्टर बन्न सक्थिन्। उनी तीब्र बुद्धिकी धनी भए तापनि भावनात्मक उत्तेजनाले उनको जीवनलाई नाशमान मार्गमा डोऱ्यायो। जब परमेश्वर हामीसँग हुनुहुन्न, तब हामी कसैसँग पनि समय-सापेक्ष प्रेम र सम्बन्धको स्थापना गर्न सक्दैनौं, त्यसकारण त मानिस सधैँभरि अर्काको स्वार्थसाधन बनिरहन्छ। त्यसैले त आमा र दिदीबीचको सम्बन्ध पनि निकै दुर्बल थियो।

केही वर्षअगाडि मात्रै मेरी दिदीले एउटा धनाढ्य लखपतिसँग विवाह गरिन्। मेरो विचारमा दिदीको आर्थिक अवस्था निकै सुध्रिएको थियो। किनभने उनले जतिसँग विवाह र पारपाचुके गरिन् तिनीहरूसँग निकै रुपैयाँ-पैसा लिने गर्थिन्। यदि तपाईंले कहिल्यै उनलाई भेट्नुभयो भने तिनीजस्तो

बेखुशी स्त्री शायद तपाईंले पहिले कहिल्यै भेट्नुभएको थिएन होला जस्तो मलाई लाग्छ। किनभने बुबा परिवारको शिर भइकन पनि परमेश्वरलाई पछ्याउनुभएन। बुबाले दुष्टको लागि घरको ढोका खोलिदिनुभयो र ऊभित्र आयो। दुष्टले झगडा र कलह नगराइ कहाँ जान्थ्यो र? किनभने यदि तपाईंले परमेश्वरको कुराहरू अङ्गाल्नलाई आफ्नो हृदय खोल्नुभएन र परमेश्वरको शाक्तिले दुष्टलाई भगाउनुभएन भने तपाईं दुष्टको युद्धबन्दी सरह बन्नुहुनेछ। परमेश्वरले आफ्नो वचनको आदर गर्नुहुन्छ भनेर म पक्का विश्वास गर्दछु। किनकि जसद्वारा म र मेरो सारा परिवार बाँच्नेछौँ र मेरा आफन्तहरू पनि आउनेछन् र उद्धार पाउनेछन् (प्रेरित १६:३१)। अहो, यो पृथ्विमा परमेश्वरलाई नचिन्ने मानिसहरूको वियोग कत्रो ठूलो छ, परमेश्वर हामीहरूलाई सहायता गर्नुहोस्, हैन भने अन्तका दिनहरूमा नरकको आगोको ज्वालाले तिनीहरूलाई हामीबाट अलग्याउनेछ।

म करीब १९ वर्षको थिएँ र परमेश्वरले पुनः मलाई बोलाउनुभयो। त्यो एउटा अत्यन्तै नाम चलेको अकला विश्वविद्यालयमा जाने सपना थियो।

म के बन्नुपर्छ र मैले के गनुपर्छ भन्ने कुरा मलाई थाहा थिएन, तर विशेष प्रकारको विश्वविद्यालयमा जाने अवसरलाई मैले सहजै स्वीकार गरेर अकलामा नै पढ्न गएँ। मेरो अध्ययनको प्रथम त्रैमासिकको समयमा बप्तिस विद्यार्थीहरूको सम्मेलनमा पनि भाग लिएको थिएँ। मैले त्यहाँ अचम्म प्रकारले मेरो बाइबल अध्ययनको खातिर कन्सस नामक सेमिनारीबाट छात्रवृत्तिसहितको आवेदन प्राप्त गरेँ। उक्त सेमिनारीमा मेरो बारेमा यो मानिस परमेश्वरको खातिर काम गर्न बोलावट प्राप्त व्यक्ति हो भनेर कसैले जानकारी गराएको रहेछ। वास्तवमा त्यतिखेर परमेश्वरको काम गर्नलाई हृदयरूपी समर्पणता पनि त ममा थिएन र मैले त्यो छात्रवृत्तिलाई तिरस्कार गरेँ। विश्वविद्यालयको अध्ययन कालमा सांसारिक कुराहरूले म निकै प्रभावित भएको थिएँ। त्यसकारण मानव जीवनका सम्बन्धमा मण्डलीले उत्तर दिन्छ भन्ने मलाई विश्वास लाग्दैन भनेर मैले उहाँहरूलाई एउटा पत्र लेखेँ। अकला विश्वविद्यालयमै आफ्नो पढाइलाई निरन्तरता दिएर मैले स्नातक र स्नातकोत्तरका उपाधिहरू हासिल गरेँ।

त्यस विश्वविद्यालयअर्न्तगत् हुने विशेष खाले ईसाई सङ्गतिमा म कहिलेकहीँ भाग लिने गर्थें। किनकि मलाई अन्य विश्वासीहरूसँग आफ्नो सम्बन्ध बिस्तार गर्न निकै आनन्द लाग्थ्यो। तर एउटा जवान मानिस जसले परमेश्वरको बोलावटलाई प्राप्त गरेको छ भने त्यसले आफ्नो जुवा उहाँमा राखोस् र उहाँसँग सिकोस् भनी म सल्लाह दिन चाहन्छु। किनकि विश्वविद्यालयमा सफल अध्ययन गरेर विद्यावारिधि त हासिल गरेँ, र अंग्रेजी भाषाको प्राध्यापक पनि बनेँ, तर मलाई थाहा थिएन कि म जीवनको कुन मोडमा हिँडिरहेको छु भन्ने कुरा। मलाई थाहा भएसम्म म दिन प्रतिदिन अन्धकारमय बाटोमा हिँडिरहेको थिएँ। अन्तत्वगोत्व परमेश्वरबाट म निकै टाढा भएँ र करीब १० वर्षसम्म त मण्डलीको नजीक पनि गइनँ, र अहिले विचार गर्दा मेरो विगतलाई मैले व्यर्थमा बिताँएको जस्तो लाग्छ। किनभने मेरो जीवनलाई बर्बाद पार्न दुष्टज्ञानको कसिङ्गरले मलाई कहिलेदेखि शोषण गरिरहेको थियो मलाई थाहा थिएन, सकेसम्म त्यसले परमेश्वरको बोलावटलाई पनि नाश नै पार्न खोज्थ्यो किनकि उसले स-साना

समस्याहरूको घेरा बनाएर परमेश्वरको मप्रतिको उहाँको योजनालाई पनि रोकेको थियो।

म एक सफल प्राध्यापक भएर पनि अन्य प्राध्यापकसँग मिलेर अफिमजस्तो मादक पदार्थ सेवन गर्न थालेँ, अनि अलिपछि गएर त म एउटा गाँजा र भाङ्गको चुरोट निर्माण गर्ने समूहको प्रमुख पनि भएँ। त्यसैकारण मैले पढाउन छोडेँ र आफ्नो पेशालाई गुमाएँ। किनकि म एकदम असल, ख्यातिप्राप्त र योग्यता भएको शिक्षक हुँ र आवश्यक परे पुनः सोही पेशामा स्थापित हुनसक्छु भन्ने सोच बनाएर मैले आफ्नो शिक्षण कार्यलाई स्थगित गरेको थिएँ। तर अचम्म लाग्दो कुरा मैले पढाउन छोडेको २ वर्ष नपुग्दै मेरो शिक्षण शैली मरेर गयो। परमेश्वरले मलाई पुनः शिक्षण यात्रामा मृत्योत्थापन नगरेसम्म करीब २० वर्ष साधारण मानिस सरह कठिन परिश्रम गरेर कष्टकर जीवन जिउनुपर्‍यो। जीवनमा मैले धेरै संघर्ष गर्नुपर्‍यो किनकि समयमै मैले परमेश्वरको बोलावटलाई गम्भीर भएर अङ्गीकार गरेको थिइनँ। मैले अगाडि नै भनिसकेको छु कि परमेश्वरले मलाई निकै दया देखाउनुभयो किनभने मैले मेरो जीवनमा केही

अज्ञानता र खराब कुराहरूबाट छुट्कारा पाउनु नै पर्ने थियो।

मैले स्नातकोत्तरको उपाधि हाँसिल गरे पश्चात् मात्रै विवाह गरेर एकवर्षसम्म त मैले एरीजोना राज्य विश्वविद्यालयमा पढाएँ। त्यसपछि विधावारिधि हासिल गर्न म अमेरीकाको पञ्च स्तरीय स्नातक संस्थामा गएँ। म युरोप गएँ अनि स्पेनमा मैले एउटा इज्जतदार समूहलाई एक वर्षसम्म पढाएँ र त्यसपछि म फर्केर अमेरीका आएँ। त्यो अवस्थासम्म मेरो विवाह विच्छेद भइसकेको थियो। मैले एउटा ईसाई केटीसँग विवाह गरेको थिएँ किनकि उनकी आमा त्यो मण्डलीकी एक असल नारी थिइन्। उनी एकदमै सुन्दर थिइन्। छोरी पनि आमाजस्तै असल होलिन् जस्तो मलाई लागेको थियो, तर त्यो गलत रहेछ। हुनत आत्मामा मैले त्यो केटीप्रति बनाएको सोच गलत हो भन्ने चाल पाएकै हुँ, तर त्यतिखेर मैले मेरो आत्माको आवाजलाई सुनिनँ। म पवित्र आत्माले भरिएको पनि थिइनँ र  पूर्णरूपमा परमेश्वरको गवाही हुनुभनेको के हो वास्तवमा मलाई केही ज्ञान पनि थिएन। परमेश्वरले उक्त विवाहलाई निषेध

गर्नुभएको थियो, तर एकपटक प्रतिज्ञा गरेको कुरा मैले पूरा गर्नुपर्छ भन्ने मेरो मान्यताका कारण मैले उनीसँग विवाह गरेको थिएँ। यसको परिणाम-स्वरूप करीब साँढे पाँच वर्षजति म आफैँले नरकमा जीवन बिताएको जस्तो लाग्यो। आमा-बुबाको जीवन-चरित्र देखेर आफूले त्याग गर्न खोजेको त्यही पारपाचुकेको कुरा आफूले दोहोऱ्याउनुपऱ्यो, र म परमेश्वरबाट टाढिएर हिँड्नुपरेको यो नै एउटा मुख्य कारण थियो। जीवनको पहिलो वैवाहिक सम्बन्ध नै संकटमा परेपछि मेरो मनमा एकदमै ठूलो चोट पऱ्यो अनि म अत्यन्तै निराश भएँ।

परमेश्वरबाट म करीब १० वर्षजति अलग भएर हिँडे। निरन्तर अन्धकारमा हिँडिरहनु र कहँ पुगेँ त्यसको समेत पत्तो नहुनुले हाम्रो जीवन कति दुःखमय छ भन्ने कुरा स्पष्टसँग बुझ्न सकिन्छ। म अत्याचारमा परेको थिएँ र आत्मिक-रूपमा म निकै व्याकुल थिएँ। त्यसकारण हिन्दू धर्ममा सहभागी हुन लागेँ। मैले परिकल्पना गरेको ईश्वरीय ज्योतिलाई म हिन्दू धर्ममा खोजिरहेको थिएँ, तर शत्रुको झूटा आत्माको बन्धनमा परेपछि सत्य ज्योति कहाँ छ

भनेर थाहा पाउन निकै कठिन हुन्छ र म पनि त्यही विवशताको बन्धनमा परेको थिएँ। त्यसैले त म पनि जीवनमा कसरी आनन्द प्राप्त गर्न सकिन्छ भनेर योगीहरूकहाँ गएर योगअभ्यास गर्न थालेँ। भारतमा गए पश्चात् त हत्याबाहेक मैले अन्य सम्पूर्ण आज्ञाहरूको उल्लङ्घन गरेँ किनकि मूर्तिस्वरूप राखिएका स-साना पत्थरहरूलाई मैले ढोग्ने गर्थें। त्यस्तो घीनलाग्दो कुराबाट अलग गराउन परमेश्वरले मेरो जीवनमा एउटा आश्चर्यकर्म गर्नुभयो।

परमेश्वरले मलाई अन्तिम अवस्थासम्म जान दिनुभयो किनकि म भारतबाट फर्किएर आएपछि नेब्रस्काको एउटा नदी किनारमा शैतानसँग मेरो व्यक्तिगत जम्काभेट भएको थियो। यद्यपि परमेश्वर मसँग कहिल्यै पनि सुस्पष्ट आवाजमा बोल्नुभएन, तर त्यस घटनाद्वारा उहाँले मलाई आखिरी चेतावनी दिनुभयो। तर जब परमेश्वरले हामीलाई केही निर्देशन गर्नुहुन्छ भने अचम्म प्रकारले उहाँ हामीसँग बोल्नुहुन्छ र हामीले त्यसलाई स्पष्टसँग थाहा पनि गर्न सक्छौँ। त्यसरात परमेश्वरले “हे जिन मैले तिमीलाई यस अवस्थासम्म सुरक्षित राखेको छु, तर

अब एक पाइलोमात्र पनि आफ्नो पुरानो जीवनको चालमा चल्यौ भने म तिमीलाई सदाको लागि छोडिदिनेछु" भनेर परमेश्वरले मलाई भनिरहेको ज्ञान छ। हुनत यदि परमेश्वरले नबचाउनुभएको भए त्यसरात त्यहीँ मेरो अन्त हुनसक्थ्यो।

परमेश्वरलाई महिमा होस् किनकि कति मानिसहरूले मेरो खातिर निरन्तर प्रार्थना गरिरहेका रहेछन्। प्रार्थनाको फलस्वरूप म परमेश्वरमा फर्किनु र पवित्र आत्माले भरिनु मेरो जीवनको यो एउटा असाधारण कथा हो। म स्पेनबाट फर्किसकेपछि नेब्रस्काको विश्वविद्यालयमा अमेरीकन उपन्यास भन्ने विषयको अध्यापन गर्न थालेँ। मेरो कक्षामा एउटा ईसाई स्त्री पनि रहिछन् तिनले मेरो लागि निरन्तर प्रार्थना गरिरहेको कुराको गवाही एकदिन मकहाँ आएर भनिन्। मेरो अध्यापनको विषयलाई लिएर उनले मलाई भनिन् श्रीमान् रसेल, हजुरले जुन कुरा अहिले पढाइरहनुभएको छ नि त्यो वास्तवमा परमेश्वरबाटका हुन् भनेर म विचार नै गर्न सक्दिनँ। किनभने मैले कक्षाकोठामा पूर्वीय चिन्तनको बारेमा गहिरो बातचित गर्ने गर्थेँ। ती स्त्रीले मेरो नाम र अवस्थाको बारेमा आफ्नो प्रार्थना

समूहका साथीहरूलाई बताएर प्रत्येक हप्ता करीब ४ वर्षसम्म निरन्तर प्रार्थना गरिरहेकी रहिछन्। हुनत म त्यतिबेला ईश्वरको खोजीमा अन्धकारमय संसारमा गहिरिएर जाँदै थिएँ। ईश्वरकै खोजीमा भारत गएँ र ध्यानमार्गद्वारा ईश्वर प्राप्त हुन्छ भन्ने अँध्यारो चिन्तनमा डुब्दै थिएँ भन्ने मलाई याद छ। तर परमेश्वरले ती सबै कुराबाट बचाउनुभयो किनकि ती दिदीबहिनीहरूले मेरो निम्ति निरन्तर प्रार्थना गरिरहेका थिए। उनीहरूकै अन्तरविन्ती र प्रार्थनाको उत्तर होला त्यसरात पनि म शैतानसँगको युद्धमा विजयी हुनसकेँ, किनकि त्यो जित म एक्लैले जितेको होइन भनेर मलाई थाहा छ।

म एउटा मण्डलीमा गएँ, जहाँका पास्टर कुनै समयमा बप्तिस मण्डलीका अगुवा थिए, तर पवित्र आत्माले भरिएपछि उहाँलाई निकालिएको रहेछ। यो करीब सन् १९७० भन्दा अगावैको कुरा हो, जे होस् उहाँले एउटा सफल मण्डलीको नेतृत्व गरिरहनुभएको थियो। मलाई याद छ कि विश्वविद्यालयका विधार्थी हुँदा पेन्टिकोस्टल समर्थित विश्वासी साथीहरू देखेर मलाई निकै हाँसो उठ्थ्यो, किनकि पेन्टिकोस्टल सम्प्रदायका एकजना जवान

विश्वासी साथीले मलाई तपाईंले जीवनमा अझै धेरै गर्नु बाँकी छ भनेर भनिरहनुहुन्थ्यो। मैले उहाँलाई तपाईंले राम्रो कुरा गर्नुभयो तर मसँग जे छ म त्यसैमा खुशी छु भनेर साधारण-रूपमा भन्ने गर्थें। अनि उहाँले भन्नुभयो, "यदि तिमीसँग जे छ त्यसैमा सन्तुष्ट छौ भने तिमी कि त परमेश्वरको ज्योतिबाट डराएको हुनुपर्छ या त अन्धकारको बिलासिताले तिमी भरिएको हुनुपर्छ। किनकि यस्ता अनौठा खाले प्रश्नहरूको उत्तर तिमीले दिनैपर्ने हुन्छ। समय एकदमै छोटो छ र हामी जे गरिरहेका छौं, त्यसको जवाफदेही हुनैपर्छ।" त्यसैले होला म ३७ वर्षको होउञ्जेलसम्म पवित्र आत्माको भरपूरी पाउन सकिनँ।

त्यो मण्डलीमा स्तुति-प्रशंसाको कार्यक्रमपछि सबैजना उठेर हातमिलाउँदै आ-आफ्नो वरिपरिका साथीहरूलाई स्वागत गर्ने समय पनि रहेछ। यो प्रक्रिया करीब २ देखि ३ मिनेटसम्म चल्दोरहेछ। त्यसपछि सबैजनाले आत्मिक आकर्षण गर्न गीतहरू गाउन थाले। अचानक कसैको हातले मेरो देब्रे कुहिनो छोएको अनुभव गरेँ र फर्केर हेर्दा त मैले तिनै स्त्रीलाई देखेँ, जसले मेरो खातिर ४ वर्षसम्म अनवरत-रूपमा प्रार्थना गरिरहेकी थिइन्। तिनले

भनिन् श्रीमान् रसेल किन तपाईंले आफ्नो शरीरलाई सोझ्यानुभयो ? मैले हाँस्दै उत्तर दिए, ‘‘हो मैले त्यसै गरेँ।” तिनले भनिन्, “तपाईंको लागि प्रार्थना गर्ने दिदीबहिनीहरूलाई तपाईंले भेट्नुहोस् भन्ने मैले इच्छा राखेकी छु।” प्रार्थनाको उत्तर पाउनु नै अचम्मको आशिष् हो किनकि परमेश्वरले तिनीहरूको प्रार्थनाको फल देखाउनुहुन्छ। म ती दिदीबहिनीहरूलाई असाध्यै माया गर्छु र तिनीहरूले मेरो लागि जे गरे त्यो कहिल्यै बिर्सने पनि छैन। सायद तिनीहरूले नै मेरो प्रणलाई बचाए। त्यही साताामा नै म उनीहरूको प्रार्थना सभामा गएर ती पाँचैजना आदरणीय दिदीबहिनीहरूलाई भेट्न सकेँ। यो कति अचम्म हो ? किनकि परमेश्वरसँग साँचो-रूपमा हिँड्नु मेरा लागि यो सुरुवात हो।

पवित्र आत्माले भरपूर भएर म सङ्गतिमा जान थाले पश्चात्, विगतका बारेमा मलाई निकै पछुतो लाग्यो। किनकि परमेश्वरले मलाई जुन कुराबाट अलग गर्न चाहनुहुन्थ्यो मैले त्यही कुराहरूलाई अङ्गालेर ईश्वर भनेर दण्डवत गरेको भित्रैदेखि नै प्रायश्चित छ। ममा आत्मिक तृष्णा निकै थियो त्यसकारण त मैले ईश्वर प्राप्तिका लागि ज्योतिष-

विद्या, हस्तरेखा शास्त्र, मूर्तिपूजा, जादुविद्या र अन्य विभिन्न प्रकारका तान्त्रिक शक्तिहरूलाई आफ्नो जीवनमा प्रवेश गराएँ। किनकि वास्तवमा म सत्य जान्न चाहन्थेँ, तर के गर्ने म अन्धाजस्तै थिएँ; त्यसैले सत्य पाउन सकिनँ। तर जब म फर्केर परमेश्वरमा आएँ, तब विगतका कुरामा धेरै पछुतो पनि लाग्यो र अब परमेश्वरसँगको घनिष्ट मित्र भएर हिँड्न एकदम इच्छुक छु। त्यसैको फलस्वरूप परमेश्वरमा फर्किएको पाँच वर्षसम्म उहाँसँगको मेरो यात्रा एकदमै असाधारण थियो। उहाँको आवाज म सुन्न सक्थेँ र उहाँलाई मैले कहिल्यै शंका गरिनँ। किनकि उहाँले मलाई के गर्नुभएको थियो भन्ने मलाई थाहा छ। उहाँको वचन मेरा लागि जीवित हुन गयो किनकि एक्कासी बाइबलका पानाहरू फरफर खुल्दै गए। त्यसैले मैले फर्केर बाइबल कलेज जाने इच्छा गरेँ, किनभने मेरो आत्मा परमेश्वरको वचनद्वारा भरियोस् भन्ने म चाहन्थे। म परमेश्वरसँगको घनिष्टतामा थिएँ किनकि मैले सधैँ यस्तै खाले सम्बन्धको इच्छा गर्ने गर्थेँ र पक्का विश्वास थियो कि हाम्रो सम्बन्ध कहिल्यै बिग्रिनेछैन भनेर।

तर जब परमेश्वरले काम गर्नुहुन्छ, तब शत्रु पनि क्रियाशील रहन्छ किनकि म बाइबल स्कूलमा फेरि एकपटक दुष्टताको परिबन्धमा परेँ। बाइबल स्कूलमा एउटी सुन्दर स्त्री थिइन्, म तिनलाई प्रेम गर्थेँ र पहिले तिनका आमा-बुबालाई किनकि तिनीहरू मेरा सहपाठी साथीहरू थिए। तिनीहरू एकदमै असल थिए अर्थात् ईश्वरीय आचरणयुक्त थिए। यो त्यस्तै देखिन्थ्यो जो मैले इच्छा गरेको र प्राप्त गर्न चाहेको कुरासँग ठ्याक्कै मिल्थे। किनकि एकतर्फ ईश्वरीय आचरणयुक्त परिवार त अर्कोतर्फ एउटा बृहत् परिवार जहाँ ईश्वरीय आचरणयुक्त मानिसहरू छन्। उनका सबै दाजुभाइ र दिदीबहिनीहरू प्रभुमा समर्पित असल ईसाईहरू थिए। हुनत यदि परमेश्वरले ठीक बनाउनुभएन भने तपाईं पनि ठीक बनाउन सक्नुहुन्न र त्यो ठीक पनि हुँदैन। परमेश्वरप्रतिको आज्ञाकारिताको कमी ममा पुनः देखियो किनकि म धेरै जिद्धी गरेर भए पनि आफ्नो बाटोमा हिँड्ने गर्थेँ। यसकारण त मैले पावल प्रेरितले तितसलाई लेखेको एउटा कुराको उलङ्घन गरेँ किनकि यदि कोही विशप हुनचाहन्छ भने उसको पहिलो योग्यता के हो त भन्दा, "ऊ

स्वइच्छाचारी हुनुहुँदैन। किनभने परमेश्वरको कारिन्दा हुनुपर्ने हुनाले विशपचाहिँ दोषरहित हुनुपर्छ तिनी हठी वा झट्टै रीस गर्ने वा मतवाला वा झगडालु वा धनको लोभी हुनुहुँदैन" (तितस १:७)। यदि तपाईं आफ्नो जीवनको कुनै पनि क्षेत्रमा स्वइच्छाचारी हुनुहुन्छ भने परमेश्वरले तपाईंद्वारा गर्न चाहेको सबै कुरालाई उहाँले कटौती गर्नुहुनेछ।

यसको नतिजा यही भयो कि भावनात्मक सम्बन्धको कारणले गर्दा यसले मलाई आत्मामा गहिरो चोट पुऱ्याउने बाटो खोलिदियो। परिवारको परिस्थिति एकदम बिग्रेर गयो। उनका बुवा-आमा मेरो विरुद्धमा उठे अनि ती महिलाले पनि मलाई विरोध गरिन्। जीवनमा कहिल्यै नखाएको चोट पाएर म पनि त्यहाँबाट हिँडेँ। म झट्टै क्षमा गर्नसक्छु अनि म कोमल, लचिलो पनि छु। तर मलाई थाहा थिएन कि हाम्रो आत्मा त्यसरी दुई टुक्रामा चिरिनसक्छ, च्यातिनसक्छ भनेर। केही वर्ष त मेरो चोटको कारणले म मानिसहरूसँग बोल्न पनि छोडेँ।

यथार्थमा म एउटा सन्यासीजस्तै भएको थिएँ। बेरोजगार भएकोले म वास्तविक भोकमरीमा परेको

थिएँ। बाटो किनारमा राखिएका फोहोर-मैलाका भाँडाहरूबाट खानेकुराका टुक्रा-टाक्री खोज्दै हिँडेको मलाई याद आइरहन्छ। म स्कूल-स्कूलहरूमा गएर विद्यार्थीहरूले फालेका फलफूल र अन्य खानाका टुक्रा-टाक्रीहरू खोजेर खान्थैँ। त्यतिबेला म जीवनको तीतो मोड र कठिन परिस्थितिसँग गुर्जिरहेको थिएँ। मलाई लाग्छ, संसारमा आइपर्ने र बाह्य कष्टहरूले गर्दा मेरो धैर्यता कहिल्यै पनि नगुमोस् भनेर परमेश्वरले नै मलाई दुःखभोग गर्न अनुमति दिनुभयो। किनभने काम नभएको, घरबार बिहीन र काम नै पाउन नसक्ने मानव जीवनको वास्तविक रहस्य के हो भनेर मैले बुभ्नु नै थियो। यसर्थ मैले के बुझैँ त भन्दा परमेश्वरलाई गम्भीर भएर जसले खोज्छ उहाँले त्यसलाई कहिल्यै छोड्नुहुन्न भन्ने वास्तविक रहस्यमयी असल खबर हो।

परमेश्वरले विभिन्न वर्षहरूमा विभिन्न खुड्किलाहरू पार गराउँदै मलाई स्थिर अवस्थामा पुऱ्याउनुभयो, हुनत परमेश्वरलाई मैले प्रशस्त मात्रामा तिरस्कार गरेँ। त्यसैले त होला उमेर ढल्किन लाग्दासम्म पनि मसँग केही थिएन। जवान स्त्रीहरूले आफ्नो जीवन साथीको लागि जवान

मानिसलाई हेर्नुको साटो एउटा अधबैँसे र केही नभएको नाङ्गो मानिसलाई हेर्छन् भन्ने कुरा के तपाईं सोच्न सक्नुहुन्छ? विशेषतः त्यसलाई जो आफ्नो भाग्यमा भरपर्छ, जससँग विद्यावारिधिको प्रमाणपत्र छ, तर आफ्नो जीविकाको लागि केही कमाउन सक्तैन? अन्तमा परमेश्वरले दूरदृष्टि भएकी एकजना स्त्रीलाई मकहाँ पठाइदिनुभयो। मैले विवाह सम्बन्ध विच्छेद भएको करीब २३ वर्ष भैसकेको थियो। २३ वर्षको लामो समयपछि यो अवसर जुट्नपुग्यो। परमेश्वरले मकहाँ त्यस्तो स्त्री पठाउनुभयो जसले मेरो जीवनमाथि उहाँको सुयोग्य हात देख्न सक्थिन्। तिनले परमेश्वरको बोलावट अनुरूप नै मलाई विश्वास गरिन्। हामी दुवै भियतनामी बप्तिस मण्डलीमा स्वयं-सेवकका रूपमा कार्यरत छँदा हाम्रो भेटघाट भएको थियो। मिसनमा काम गर्ने तिनको बोलावट रहेछ, तर म त झन् कलेजमा छँदै मेक्सिकोमा काम गर्ने उद्देश्य राखेर एउटा मिसन नै खोलेका थिए। त्यसैले त हाम्रो विवाहपछि मिसनको कामको सिलसिलामा एक हप्ताको प्रथम भ्रमणमा पनि हामी मेक्सिकोमा नै गयौं।

सन् १९९४ मा मैले गेइलसँग विवाह गरेको थिएँ। हाम्रो वैवाहिक जीवनका पहिला सात वर्षहरूमा परमेश्वरको सेवा गर्न संसारका विभिन्न ५ वटा देशहरूमा मिसनको काम लिएर गयौं। परमेश्वरले धेरै वर्षपछि गएर मेरो शिक्षण पेशालाई पुनः स्थापित गर्नुभयो। किनकि समुद्र पारिका साथीहरूले मैले हासिल गरेको शैक्षिक योग्यतालाई उच्च प्राथमिकताका साथ निकै मान्यता दिए त्यसकारण त मैले इण्डोनेसिया, चीन र ताइवानमा सफलतापूर्वक पढाउन सकेँ। न्युजील्याण्डमा आएपछि चिनियाँ भाषिक विद्यार्थीहरूलाई अंग्रेजी दोस्रो भाषाको रूपमा पढाएँ। म अहिले अवकाश लिने अवस्थामा पुगेँ, तर पनि परमेश्वरले तादिका वर्षहरूमा दिनुभएको शिक्षण कला अझै चुस्त र दुरुस्त छन्। हुनत परमेश्वर मद्वारा नबोले तापनि, यदि कसैले यो गवाहीलाई सुन्यो र पढ्यो अनि सफल जीवन बनाउने इच्छा गर्छ र आफ्नो जीवनमा ईश्वरीय आशिष् होस् भन्ने चाहना गर्ने कोही छ भने, म त्यसका लागि संसारमा एउटा मात्र बाटो छ भनेर सल्लाह दिन चाहन्छु। किनकि बाइबलीय बाटो मात्रै एउटा सफल बाटो हो।

किनकि यो एक अविभाज्य जगमा निर्माण गरिएको छ। पावल प्रेरित भन्छन्, "उहाँले येशू ख्रीष्टको जग बसाल्नुभयो (१ कोरिन्थी ३:१०-११)। तपाईंले पनि आफ्नो जीवनमा येशू ख्रीष्टको जीवन बसाल्नुपर्छ र त्यसमाथि तपाईंको जीवन विशेष गरी दृढता, निरन्तरता, सतर्कताका साथ निर्माण गरिनुपर्छ। यदि तपाईंले तत्काल सफलता पाउनुभएन भने पनि तपाईं परमेश्वरको इच्छामा अनवरत-रूपमा लागिरहनुभयो भने, जीवनको अन्त्यमा त्यसको परिणाम अत्यन्तै महान् हुनेछ। हुनत तात्कालीन सफलता एकप्रकारको श्राप हो भनी भनिएको छ, तर जे होस् अन्तमा तपाईंले कल्पना नै नगर्नुभएका ईश्वरीय वैभव र ऐश्वर्य प्राप्त गर्नुहुनेछ।

मिसनको यथार्थपरक कामका खातिर मैले गरेको प्रयत्न मलाई थाहा छ। मैले पास्टरीय सेवा भने करीब २७ वर्ष अगाडि पवित्र आत्माले भरपूर नहोउन्जेलसम्म गरिनँ। अचेल म आफूलाई परमेश्वरको ठीक बाटोमा हिँडिरहेको जस्तो लाग्छ किनकि वर्तमान अवस्थामा परमेश्वरको महान् सत्यतालाई संसारका विभिन्न देशहरूमा गएर त्यहाँका मानिसहरूलाई उहाँको सुसमाचार सुनाउन

उहाँले मलाई विशेष आशिष् दिनुभएको छ। म त्यो ऐश्वर्यलाई कुनै पनि दिन हासिल गर्न सक्नेछु। यदि यस गवाहीले कसैलाई प्रभुमा हुर्कन र आउन मद्दत पुऱ्याउनु नै यसको मुख्य उद्देश्य हो। हरेक मानिसले परमेश्वरलाई पछ्याउनैपर्छ, विशेष गरी जवानहरूले। अन्यथा परमेश्वरकहाँ जाने अन्य कुनै उपाय नै छैन, नत अर्को बाटो नै।

यदि तपाईंले जीवनमा दुःख पाउनुभएको छ भने त्यसलाई असल सेनाले झैँ सजिलै स्वीकार गर्नुहोस् किनकि अनवरत-रूपमा आफ्नो सेवामा लाग्नेको पदोन्नति हुनेछ।

यदि तपाईंले आफूलाई ख्रीष्टमा समर्पण गर्नुभयो र दायाँबायाँ कतै नलागी येशू ख्रीष्टमा नै रहेर जीवन जिउनुभयो भने परमेश्वरले कुनै पनि मूल्यको प्रवाह नगरी उहाँको प्रशस्तताले पुरस्कृत गर्नुहुनेछ।

**तपाईंको जीवनमाथि भएको परमेश्वरको हातलाई ग्रहण गर्नुहोस्।**

**१. परमेश्वरमा विश्वास गर।**

विश्वासद्वारा मृत्यु नचाखी हनोक स्वर्गमा उठाइलगिए र तिनी कतै फेला परेनन्, किनकि

परमेश्वरले तिनलाई लानुभएको थियो। तिनी उठाइलगिनुभन्दा अघि परमेश्वरलाई तिनले प्रसन्न पारेका कुराको पुष्टि भएको थियो। विश्वासविना परमेश्वरलाई प्रसन्न पार्नु असम्भव छ। किनकि जो परमेश्वरको नजिक आउँछ त्यसले परमेश्वर हुनुहुन्छ र उहाँलाई खोज्नेहरूलाई उहाँले प्रतिफल दिनुहुन्छ भन्ने पक्का विश्वास गर्नुपर्छ (हिब्रू ११:५-६)।

**२. आफ्नो पापको पश्चात्ताप गर र परमेश्वरको ज्योतिमा हिँड्डुल गर।**

किनकि एकपल्ट तिमीहरू अन्धकारमा थियौ, तर अब प्रभुमा तिमीहरू उज्यालो भयौ। ज्योतिका सन्तानझैँ हिँड्डुल गर। किनकि सबै भलाइ धार्मिकता र सत्यतामा नै ज्योतिको फल पाइन्छ र प्रभुलाई मन पर्ने के हो सो सिक्ने कोशिश गर। अन्धकारका निस्फल कार्यहरूमा भाग नलेओ, बरु तिनलाई प्रकट गरिदेओ। किनकि तिनीहरूले गुप्तमा गरेका कामहरूका विषयमा भन्नु पनि शर्मको कुरो हो (एफिसी ५:८-१२ )। पाप स्वभावको वशमा हुनेहरूले परमेश्वरलाई प्रसन्न पार्न सक्दैनन् (रोमी ८:८)।

**३. येशू ख्रीष्टलाई आफ्नो मुक्तिदाता र परमेश्वर भनी स्वीकार गर।**

तिनीहरूलाई बाहिर ल्याएर उनले भने, "उद्धार पाउनलाई मैले के गर्नुपर्छ? अनि तिनीहरूले भने, प्रभु येशू ख्रीष्टमा विश्वास गर्नुहोस् र तपाईंले उद्धार पाउनुहुनेछ; तपाईं र तपाईंको परिवारले" (प्रेरित १६:३०-३१)। किनकि प्रभुको नाउँ पुकार्ने हरेकले उद्धार पाउनेछ (रोमी १०:१३)।

**४. बाइबलीय आधारमा सञ्चालित मण्डलीमा सहभागी होऊ।**

तिनीहरू प्रेरितहरूका शिक्षा र सङ्गतिमा भक्तिसाथ लागिरहन्थे (प्रेरित २:४२)। कति जनाको सङ्गतिमा नजाने बानी हुन्छ, तर हामीचाहिँ एकसाथ भेला हुन नछोडौं। तर प्रभुको दिन नजीक आइरहेको तिमीहरूले देखेका हुनाले एउटाले अर्कोलाई झन प्रोत्साहन देओ (हिब्रू १०:२५)।

**५. सबै मानिसहरूका खातिर अन्तर्विन्ती र प्रार्थना गर।**

सर्वप्रथम म आग्रह गर्दछु कि सबै मानिसहरूका निम्ति नम्र निवेदन, प्रार्थना र मध्यस्थ विन्ती र धन्यवाद चढाइऊन्, राजाहरू र सबै उच्च पदमा

भएकाहरूका निम्ति पनि, ताकि हामी निर्धक्क र शान्तिपूर्ण भएर हरप्रकारले धार्मिक र आदरणीय जीवन बिताउन सकौं। हाम्रो मुक्तिदाता परमेश्वरको दृष्टिमा यो असल र ग्रहणयोग्य छ। सबै मानिसहरूले मुक्ति पाऊन् र तिनीहरू सत्यको ज्ञानमा आउन् भन्ने इच्छा उहाँ गर्नुहुन्छ (१ तिमोथी २:१-४)।

**६. निरन्तर बाइबल अध्ययन गर।**

तर तिमीचाहिँ आफूले सिकेका र दृढतासँग विश्वास गरेका यी कुराहरूमा लागिरह। ती कसबाट सिकेका छौ, सो तिमी आफैँ जान्दछौ। तिमी बाल्यकालदेखि पवित्र धर्मशास्त्रसँग परिचित छौ, जसले ख्रीष्ट येशूमा भएको विश्वासद्वारा मुक्तिको निम्ति तिमीलाई शिक्षा दिनसक्छ। सम्पूर्ण पवित्र शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई र धार्मिकतामा तालीम दिनलाई लाभदायक हुन्छ। ताकि परमेश्वरको जन हरेक सुकर्ममा पूर्णरूपले सुसज्जित भई सिद्ध भएको होस् (२ तिमोथी ३:१४-१७)।

**७. अरुहरूलाई पनि सुसमाचार सुनाउनुहोस्।**

येशूले भन्नुभयो, “तिमी आफ्नो घर फर्क र परमेश्वरले तिम्रो निम्ति कति ठूलो काम गर्नुभयो

सो घोषणा गर।" तब त्यो गयो र येशूले त्यसको निम्ति कति ठूलो काम गर्नुभएको थियो, सो सारा शहरभरि प्रचार गर्न लाग्यो (लूका ८:३९)। अनि उहाँले तिनीहरूलाई भन्नुभयो, "सारा संसारमा गएर सारा सृष्टिलाई सुसमाचार प्रचार गर। विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ, तर विश्वास नगर्ने दोषी ठहरिनेछ" (मर्कूस १६:१५-१६)।

**ख्रीष्टमा विश्वासयोग्य हुनुहोस्।**